# मकालु गाउँपालिका
**MAKALU RURAL MUNICIPALITY**
## गाउँ कार्यपालिकाको कार्यालय
**Office of Rural Municipal Executive**
स्था: २०७३ (Estd: 2073)

नुम, संखुवासभा
Num, Sankhuwasabha
कोशी प्रदेश, नेपाल
Koshi Province, Nepal


पत्र संख्या: २०८३/०८४
Ref. No.: 2083/084
चलानी नं:
Dispatch No.: 69

## सेवा करारमा पदपूर्ति गर्ने सम्बन्धि सूचना ।

(सूचना प्रकाशित मिति २०८३/०४/१३)

यस गाउँपालिकाबाट भूमि प्रशासन सेवा संचालनका लागि तपशिलको कर्मचारी सेवा करारबाट पदपूर्ति गर्नुपर्ने भएकोले यस गाउँपालिकाको मिति २०८३/०३/२२ गते बसेको गाउँ कार्यापालिकाको बैठक निर्णयानुसार तपशिल बमोजिमको योग्यता पुगेका ईच्छुक नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिनभित्र रीतपूर्वक कार्यालय समयमा तोकिएको शुल्क तिरेको रसिद सहित दरखास्त दिनुहुन सम्बन्धित सबैको लागि यो सूचना प्रकाशित गरिएको छ । दरखास्त फाराम गाउँपालिकाको वेभसाइट **www.makalumun.gov.np** तथा गाउँपालिकाको कार्यालयबाट प्राप्त गर्न सकिनेछ ।

तपशिल :

| क्र.सं | वि.नं. | सेवा /समूह | पद | तह | माग संख्या | न्यूनतम शैक्षिक योग्यता | कै. |
|---|---|---|---|---|---|---|---|
| १. | ०१/२०८३/०८४ | स्थानीय इन्जिनियरिङ/सर्भे | नापी अधिकृत | छैठौं | १ | मान्यात प्राप्त शिक्षण संस्थाबाट जियोम्याटिक्स इन्जिनियरिङ वा सम्बन्धित सर्भे विषयमा स्नातक वा सो सरह उतिर्ण गरेको । | |
| २. | ०२/२०८३/०८४ | स्थानीय इन्जिनियरिङ/सर्भे | सर्वेक्षक | सहायक पाँचौ | १ | मान्यात प्राप्त शिक्षण संस्थाबाट जियोम्याटिक्स वा सम्बन्धित सर्भे विषयमा प्रमाण पत्र तह वा सो सरह उतिर्ण गरेको । | |

- परीक्षाको किसिम :- लिखित (प्रथम पत्र - बहुबैकल्पिक प्रश्न ) र अन्तर्वार्ता ।
- परीक्षा केन्द्र :- मकालु गाउँपालिकाको कार्यालय नुम, संखुवासभा ।
- दरखास्त दस्तुर :- नापी अधिकृतको लागि रु.१२००/-(एक हजार दुई सय) र सर्वेक्षकको लागि रु.५००/- (पाँच सय) मात्र यस कार्यालयको राजस्व शाखामा बुझाएको नगदी रसिद वा मकालु गाउँपालिकाको सिद्दार्थ बैंकमा रहेको राजस्व खाता नं.०२६१५३८९५५४ खाताको नाम मकालु गाउँपालिका ग १.१ मा दाखिला गरिएको सक्कल बैंक भौचर ।
- दरखास्त दिने अन्तिम मिति :- २०८३/०४/२७ गतेसम्म ।
- उम्मेदवारको उमेरको हद :- २०८३/०४/२७ गतेसम्म नापी अधिकृतको हकमा २१ बर्ष पूरा भई ३५ बर्ष ननाघेको, सर्वेक्षकको हकमा १८ बर्ष पूरा भई ३५ बर्ष ननाघेको तथा महिला र अपाङ्गको हकमा ४० बर्ष ननाघेको ।
- दरखास्त बुझाउने स्थान र प्रकिया :- मकालु गाउँपालिकाको कार्यालय नुम, संखुवासभा इमेल ठेगाना gaupalikamakalu@gmail.com मा पनि पठाउन सकिनेछ ।
- दरखास्त साथ संग्लग्न गर्नुपर्ने कागजातहरु :- आवेदक स्वयंले प्रमाणित गरेका देहाय बमोजिमका कागजातहरुको प्रतिलिपि

१.नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि
२.न्यूनतम शैक्षिक योग्यता प्रमाणपत्रको प्रतिलिपि
३.हाल सालै खिचेको पासपोर्ट साइजको फोटो ३ प्रति
४.तालिमको प्रमाण पत्र
५.अनुभव भए सोको कागजात

- पारिश्रमिकः प्रचलित कानून बमोजिम
- परीक्षा मिति र समय : २०८३/०५/०३ गते बिहान ११ बजे

द्रष्टव्य : तोकिएको न्यूनतम शैक्षिक योग्यता पूरा नभएको दरखास्त उपर कुनै कारवाही हुने छैन ।
थप जानकारीको लागि सम्पर्क नं. ९८४४८९४९२९, ९८४३५९५०१४, ९८५११६०४७९

२०८३/०४/१३
इन्द्र बहादुर दर्जी
प्रमुख प्रशासकीय अधिकृत